सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३३० ♦ २०८२ साल असार ३० गते सोमवार ♦ 14 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## कर्मचारीको मिलेमतोमा महोत्तरीमा मृतकको नाममा जग्गा किनबेच




**खबर दर्पण समाचारदाता**

**जेष्ठ २९ गते, बनिर्दवास**

महोत्तरीको गौशाला मालपोत कार्यालयमा एक जना मृतक व्यक्तिको नाममा जग्गा खरिदबिक्री भएको खुलासा भएको छ। यस कार्यमा मालपोतका केही कर्मचारी र भूमाफियाहरुको मिलेमतोमा नक्कली कागजात तयार पारेर जग्गाको कारोबार गरिएको घटना सार्वजनिक भएको हो ।

शिवभक्ति खोर २ (ख) स्थित कित्ता नम्बर १८३ मा रहेको ५ आना १२.५ धुर जग्गा महेश चौधरी नामका व्यक्तिको नाममा थियो। यो जग्गा कृषि क्षेत्रका लागि वर्गीकृत गरिएको थियो र उक्त जग्गाको बाटो समेत थिएन। महेश चौधरी जग्गाधनी रहेकोमा उनको मृत्यु भइसकेको भए पनि गौशाला नगरपालिका-४ का वडाध्यक्ष रामनारायण महासेठले असार ६ गते उक्त जग्गा बिक्रीको सिफारिस गरेका थिए। मृतकको नाममा नक्कली कागजात बनाएर असार ८ गते सो जग्गा सम्सी गाउँपालिका-४ का रञ्जित कुमार साहको नाममा ११ लाख ३५ हजार रुपैयाँमा नामसारी गरिएको थियो। नियम अनुसार, यस्तो र कम बैङ्क मार्फत भुक्तानी गरी भौचर मालपोतमा बुझाउनु पर्ने हो। तर, यो कारोबार नगदमा गरिएको पाइयो।

यसमा विक्रेताको नागरिकता प्रमाणित नगरी, बैङ्क खातामा पैसा जम्मा गरी, झुटा विवरण प्रयोग गरी लेखापढी व्यवसायी र मालपोत कर्मचारीको मिलेमतोमा कारोबार गरिएको छ।

गौशाला मालपोतका कर्मचारीका अनुसार महेश चौधरीको नाममा रहेको अन्य जग्गा पनि जलेश्वर मालपोत कार्यालयमार्फत बिक्री भएको थियो। तर, खरिदकर्ता र बिक्रेता बीच आर्थिक सहमति नजुटेपछि गौशाला मालपोतले नामसारी फिर्ता गरेको हो।

किर्ते कागजात प्रयोग गरी तीन पटक असार ६, ८, र ९ गते– जग्गा बिक्री भएको खुलेपछि असार १६ गते ती सबै कारोबार रद्द गरिएको मालपोतका सूचना अधिकारी विष्णु कुमार महतले जानकारी दिनुभयो।

महतका अनुसार, बिक्रेता फरार छन् भने खरिदकर्ताबाट सहयोग लिएर फेरि जग्गा मृतककै नाममा फिर्ता गरिएको हो।

## टिकटक लाइभमा अभद्र गाली गलौज गर्ने युवती प्रहरी नियन्त्रणमा



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २९ गते, बनिर्दवास**

समाजिक सञ्जाल टिकटक लाइभमार्फत अभद्र गाली गलौज गर्दै अपशब्द प्रयोग गरेको आरोपमा एक युवतीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले जनकपुर उपमहानगरपालिका-२४ निवासी २० वर्षीया रोशनी खातुनलाई पक्राउ गरेको हो। प्रहरीले जनाएको छ कि खातुनले लाइभ मार्फत प्रयोग गरेका शब्दहरूले सामाजिक सञ्जाल प्रयोगकर्ताहरूमा नकारात्मक असर पार्ने देखिएकाले उनलाई अभद्र व्यवहार मुद्दामा म्याद थप गरी हिरासतमा राखिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको जनाएको छ।

## छात्रालाई जिस्क्याएको आरोपमा शिक्षक पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार २९ गते, बर्दिवास**

छात्रालाई जिस्क्याएको आरोपमा शिक्षक पक्राउ

रौतहटको गरुडा नगरपालिका-९ श्रीपुरस्थित श्री माध्यमिक विद्यालयमा छात्रालाई जिस्क्याएको आरोपमा आइतबार प्रहरीले एक शिक्षकलाई पक्राउ गरेको छ ।

घटना बाहिरिएपछि स्थानीय र अभिभावक विद्यालय परिसर पुगेका थिए। त्यसपछि केही बेर ढुंगामुढा प्रहार गरेका थिए । प्रहरीले स्थिति नियन्त्रणमा लिन एक राउन्ड अश्रुग्यास प्रहार गरेको छ ।


विद्यालयका शिक्षक रवीन्द्रप्रसाद साहलाई कक्षा १० मा अध्ययनरत एक छात्रालाई जिस्क्याएको आरोपमा पक्राउ गरिएको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी राजन कार्कीले

बाँकी पृष्ठ २

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# भानु जयन्तीको अवसरमा बुद्यौली साहित्य समाजको छैटौं शृङ्खला सम्पन्न

**जिवन राज दाहाल**

**असार २९ गते, बर्दिवास**

बुद्यौली साहित्य समाज महोत्तरीले २१२औँ भानु जयन्तीको अवसरमा असार २९ गते आइतबार एक विशेष साहित्यिक कार्यक्रम आयोजना गर्दै आफ्नो छैटौं साहित्य शृङ्खला सम्पन्न गरेको छ।

जनता नमुना माध्यमिक विद्यालय, बर्दिबास-२ को सभाहलमा सम्पन्न उक्त कार्यक्रम समाजका अध्यक्ष लालबाबु पोखरेलको अध्यक्षता र बुद्यौली साहित्य अभियानका प्रेरक तथा चर्चित नियात्राकार रमेश मोहन अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। समाजका सचिव नारद प्रसाद काफ्लेले संचालन गरेको कार्यक्रममा सदस्य मोहन गिरिले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा राखिन्द्र दहाल, विना हमाल, नारायण खड्का, उद्धव 'अविचल', अम्बिका दहाल, विपिराज दहाल, नेत्र रम्तेल, महमद कामरुदिन नदाफ, दिनेश 'गरिब' पौडेल, प्रकृति पाण्डे, राजेश्वरी काफ्ले, प्रेम घिमिरे, गोपाल बराल, गणेश तिमिल्सिना, नारायण घिमिरे, गणेश घिमिरे, बोधराज दहाल र नीर प्रसाद शर्मा लगायत सर्जकहरूले आफ्नो साहित्यिक प्रस्तुति दिएका थिए।

कार्यक्रममा अतिथिका रूपमा बुद्यौली साहित्य समाज मधेस प्रदेश अध्यक्ष लम्बोदर काफ्ले, जनवादी लेखक सङ्घ सितामढी (भारत)का कोषाध्यक्ष कामरुदिन नदाफ, विद्यालयका प्रधानाध्यापक तोप बहादुर ठकुरी, बर्दिबास नगर पत्रकार सञ्जालका अध्यक्ष गोपाल बराल लगायतले भानुभक्त आचार्यको योगदानमाथि प्रकाश पार्दै उहाँको नाम नेपाली भाषामा अमर रहेको बताएका थिए।

शुभकामना मन्तव्य दिने विशिष्ट व्यक्तिहरूमा मिथिला वाङमय प्रतिष्ठानका अध्यक्ष प्रेम घिमिरे, सर्लाही साहित्य समाजकी उपाध्यक्ष राजेश्वरी काफ्ले, लेखनाथ स्मृति सदनका दिनेश पौडेल, मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपिराज दहाल, सचिव नीर प्रसाद शर्मा, कमला कला साहित्य समाज धनुषाका अध्यक्ष गणेश तिमिल्सिना, प्रलेस धनुषाका अध्यक्ष गणेश घिमिरे, साहित्य अनुरागी नेत्र रम्तेल, शिक्षासेवी अम्बिका दहाल, साहित्यप्रेमी नारायण खड्का, बोधराज दहाल, जनसांस्कृतिक महासङ्घकी केन्द्रीय सदस्य विमला वि.क., बर्दिवास साहित्यिक-सांस्कृतिक प्रतिष्ठान अध्यक्ष रामचन्द्र पौडेल, प्रलेस नेपाल मधेस प्रदेश अध्यक्ष नारायण घिमिरेजस्ता दर्जनौं स्रष्टा एवं साहित्यानुरागीहरूको उपस्थिति थियो।




कार्यक्रमको समापनमा सभाध्यक्ष पोखरेलले सम्पूर्ण सहभागीप्रति आभार प्रकट गर्दै साहित्यको माध्यमबाट समाजमा चेतना र सिर्जनशीलताको विकास गर्न निरन्तर प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गरे।

प्रमुख अतिथि रमेश मोहन अधिकारीले भानुभक्तको साहित्यिक योगदान र नेपाली भाषाको संवर्द्धनमा उहाँको भूमिका माथि विशेष विचार राख्दै बुद्यौली साहित्य समाजजस्ता संस्थाहरूको भूमिका प्रति प्रशंसा व्यक्त गरेका थिए।

कार्यक्रमले भानु जयन्तीलाई स्मरणीय बनाउनुका साथै स्थानीय साहित्यिक वातावरणलाई थप जीवन्त बनाएको सहभागिहरूले बताए।

# औरहीबाट दुई क्विन्टल बढी गाँजा बरामद, भरिया मलाह पक्राउ

**खबर दर्पण समाचारदाता**

**असार २९ गते, बर्दिवास**

जिल्ला प्रहरी कार्यालय सिरहा र प्रहरी चौकी औरहीको संयुक्त टोलीले लागुऔषध गाँजा ओसार पसार गर्ने एक भरियालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) विरेन्द्र कुमार पासवानका अनुसार २ क्विन्टलभन्दा बढी गाँजा बरामद भएको छ।

गोप्य सूचनाको आधारमा बिहिवार राति अन्दाजी साढे दश बजे सिरहाको औरही गाउँपालिका ५ मलाह टोलमा सवारीबाट गाँजा ओसारपसार भइरहेको भन्ने जानकारी पाएपछि प्रहरी टोलीले उक्त ठाउँमा छापा मारेको थियो। टोलीले सो स्थानबाट ७ पोका गाँजा बरामद गरेको छ, जसको तौल २ क्विन्टल १२ किलो ९ सय २५ ग्राम रहेको छ।

प्रहरीले घटनास्थलमै सवारीसहित पक्राउ परेका २३ वर्षीय राम उदगार मलाह रहेको छ। मलाह औरही गाउँपालिका ५ मलाह टोलको स्थायी बासिन्दा हुन्। प्रहरीले प्र.२-०१-००३ प २१५४ नम्बरको मोटरसाइकल पनि बरामद गरेको छ।

पक्राउ परेका मलाहलाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ भने सिरहा जिल्ला अदालतबाट ५ दिनको म्याद लिई अनुसन्धान चलिरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डिएसपी) विरेन्द्र कुमार पासवानले जनाएको छ।

सिरहामा डिएसपी पासवान आएपछि लागुऔषध ओसार पसार र तस्करीविरुद्ध कडा कारबाही गर्न थालेपछि लागुऔषध कारोबारीहरूको भागाभाग भएको छ।

# छात्रालाई जिस्क्याएको आरोपमा ....

जानकारी दिए। 'हामीले शिक्षक साहलाई नियन्त्रणमा लिइसकेका छौँ। उनी विरुद्ध जाहेरी आउनासाथ बाल यौन दुर्व्यवहारमा मुद्दा दर्ता गर्छौं,' उनले भने, 'घटनाबारे थप अनुसन्धान भइरहेको छ। अहिले स्थिति सामान्य छ।'

विद्यालय व्यवस्थापन समितिका निमित्त अध्यक्ष राजकुमार दास तत्माले विद्यालयसित सरोकार नभएका स्थानीयले ढुंगामुढा गर्दा विद्यालयका झ्यालढोका र परिसरमा रहेका डेढ दर्जन मोटर साइकलमा क्षति पुगेको बताए।

'विद्यालयका शिक्षक साहको चरित्र ठीक छैन भनेर सूचना पाएलगत्तै निष्कासनको तयारीमै थियौँ,' उनले भने, 'त्यसैका लागि बैठक बस्न लाग्दा हुलहुज्जत भयो। हामी शिक्षक साहलाई विद्यालयबाट हटाउँछौं।'

निमित्त अध्यक्ष दासले विद्यालयसित सरोकार नभएकाहरूले ढुंगामुढा गरेको भन्दै पक्रेर कारबाही गर्न प्रहरी समक्ष माग गरेका छन्। शिक्षक साहले छात्राको जन्मदिनमा 'ह्याप्पी बर्थडे मेरी जान' लेखेर पठाएको भन्दै विद्यार्थी र अभिभावकले उनीमाथि आक्रमण गरेका हुन्।

**हेलमेट लगाउनुहोस् - जीवनको रक्षा गर्नुहोस्।**

"साइकिल या बाइक चलाउँदा हेलमेट अनिवार्य हो। यसले तपाईको एजीवनको रक्षा गर्छ।"

**यातायात व्यवस्था कार्यालय,**

**जनकपुरधाम**

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जानकी नारी समाजद्वारा भानुभक्त आचार्यको २१२औँ जन्मजयन्ती मनाइयो

**खबर दर्पण समाचारदाता**
**असार २९ गते, बर्दिवास**

जानकी नारी समाज,बर्दिवासले आदिकवि भानुभक्त आचार्यको २१२औँ जन्मजयन्ती एक भव्य कार्यक्रमका साथ मनाएको छ। बर्दिवास नगरपालिका - १४ स्थित सप्तकविन्द्र शिक्षा निकेतनमा आयोजित उक्त कार्यक्रम जानकी नारी समाज अन्तर्गतको उपसमिति 'जानकी स्रष्टा समाज'को आयोजनामा सम्पन्न भएको हो। कार्यक्रम जानकी स्रष्टा समाजकी अध्यक्ष जमुना पोखरेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा सरिता ढुङ्गाना तथा विशिष्ट अतिथिका रूपमा जानकी नारी समाजकी अध्यक्ष मञ्जु मञ्जुभाषिणीको उपस्थिति रहेको थियो। सरिता पोखरेलको उद्घोषणमा सञ्चालित कार्यक्रमको स्वागत मन्तव्य सचिव राधा साहले राखेकी थिइन्। कार्यक्रममा बरिष्ठ शिक्षासेवी तथा साहित्यकार सुरेन्द्र पोखेलले विभिन्न भाषाका कविता उदाहरणसहित आदिकवि भानुभक्त आचार्यको जीवन, साहित्यिक योगदान, वर्तमान नेपाली साहित्यको अवस्था तथा समसामयिक चुनौतीहरूबारे विस्तृत प्रकाश पारेका थिए।



कार्यक्रममा मिथिला साहित्य प्रतिष्ठान धनुषाका अध्यक्ष विपीराज दाहाल, कमला साहित्य कला समाजका अध्यक्ष गणेश तिमिल्सिना, लेखनाथ स्मृति सदनका अध्यक्ष जनक पौडेल, गौशाला साहित्य प्रतिष्ठानका सल्लाहकार र ामगोपाल यादव, विश्व नेपाली साहित्य महासंघ महोत्तरीका अध्यक्ष उद्धव अविचल लगायतका स्रष्टाहरूले आ-आफ्ना सिर्जना वाचन गरेका थिए। राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान महोत्तरीका अध्यक्ष बेलबहादुर परियारले प्रस्तुत गरेको जोशिलो गीतले कार्यक्रममा थप उत्साह भरेको थियो।

साथै, बाल-बालिका सुजन, जगदीप, राजु, कामिनी, रञ्जनालगायतले प्रस्तुत गरेका सिर्जनात्मक प्रस्तुतीहरूले भावी पुस्ताप्रतिको आशा जागृत गर ाएको सहभागीहरूले बताएका थिए। कार्यक्रम अत्यन्त सभ्य, भव्य र साहित्यिक वातावरणमा सम्पन्न भएको थियो।


## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ। समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ। यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं।

### भूमिगत सिंचाई विकास डिभिजन

महोत्तरी

## तपाईको शहर वर्दिवासमा

WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय

सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

**कमला छेउका बासिन्दाहरुका लागि महत्वपूर्ण सन्देश:**

🔦 **टर्च लाईट जोगाएर राखौं:** आपत्कालीन बेलामा अति आवश्यक हुन्छ।

📢 **खतराबारे जानकारी राखौं:** समाचार, सूचना र बाढी पूर्वानुमानमा अपडेट रहौं।

🪵 **बर्षायाममा** बाहिर निस्कँदा लठ्ठी साथमा लिएर जाऔं, अनिश्चित जमिनमा सहयोग गर्छ।

🐍 **सर्पको खतरा हुन्छ:** राती निस्कँदा अनिवार्य टर्च लिएर निस्कौं।

🚨 **बाढीको सम्भावना** देखिएपछि विशेष सतर्कता अपनाऔं, सुरक्षित स्थानमा जान तयार रहौं।

**गणेशमान चारनाथ नगरपालिका**
विपद् व्यवस्थापन समिति
बीरेन्द्रबजार, धनुषा

## बर्दिवास नगरपालिका, महोत्तरी

**जनहितमा जारी सन्देश**

"पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं"



- ⇨ सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- ⇨ खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस्।
- ⇨ पानी बचत गरौं, भोलीको लागि सुरक्षित गरौं ।
- ⇨ जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तव्य हो ।
- ⇨ इनार, कुवा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- ⇨ वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- ⇨ ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- ⇨ जलश्रोतमा फोहोर फाल्ने, साबुन/केमिकल हाल्ने काम नगरौं ।

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जनमतको आन्तरिक विवाद अब सडकमा, निलम्बित उपाध्यक्ष साहमाथि मोसो प्रहार

**खबर दर्पण समाचारदाता**
**असार २९ गते, बर्दिवास**



जनमत पार्टीभित्रको आन्तरिक विवाद अब सडक देखिन थालेको छ। पार्टीबाट निलम्बित राष्ट्रिय उपाध्यक्ष दीपककुमार साह, निलम्बित कोषाध्यक्ष सुरेन्द्र यादव र केन्द्रीय सदस्य वीरेन्द्र साह सुनारमाथि बारामा प्रज्वलनशील पदार्थ प्रहारसहित मोसो छ्यापेर दुर्व्यवहार गरिएको छ ।

जनसंवाद यात्रामा रहेकाबेला बारा जिल्लाको गढीमाई नगर पालिका-३ दहियाचोकमा बिहान ११ बजे जनमतका केन्द्रीय सदस्य विकास सिंहको नेतृत्वमा उनीमाथि मोसो छ्यापिएको हो। यो घटना पार्टीका अध्यक्ष डा सीके राउतकानिकट मानिने केन्द्रीय सदस्य विकास सिंहको नेतृत्वमा भएको हो । यता डा सीके राउतले भने पार्टीको पैसा ठग्नेलाई जनताले कारबाही गरेको बताएका छन् । उनले एक्समा लेखेका छन्, ‘जनमत पार्टीको १ करोड ९० लाख हाकाहाकी लिएर भागेका दुई जना फरार ठगहरूलाई जनताले कारबाही गरेका हुन् ।‘

निलम्बित नेताहरूले पार्टीभित्रको असन्तुष्टि र संघर्षलाई उजागर गर्न ‘पार्टी सुदृढीकरण तथा जनसंवाद यात्रा’ सुरु गरेका छन्। आइतबार बिहान बाराको महागढीमाई नगरपालिका-३, दहियारमा उनीहरू कार्यकर्तासहित खाना खाएर संवाद कार्यक्रममा जाँदै गर्दा आक्रमण भएको थियो ।

दीपककुमार साहले आफूहरूमाथि डा सीके राउतले ‘ज्यान मार्ने उद्देश्यले पार्टीभित्रकै केही गुण्डाहरू परिचालन गरेको’ आरोप लगाएका छन् । उनले भने, ‘हामी सुरक्षित छौँ, त्यस्तो क्षति भएको छैन। हामी डराएर अभियानबाट भाग्ने छैनौं । हाम्रो मृत्युपश्चात् पनि अभियान जारी रहनेछ, किनभने हामीले मृत्यु दस्तावेजमा हस्ताक्षर गरेर यो अभियानमा निस्केका छौं । मृत्युदेखि परवाह छैन ।’ उनले आमजनतालाई डा सीके राउतका कर्तुतहरू बुझ्न र थाहा पाउन अनुरोधसमेत गरेका छन् ।

‘संगठनको नेता-कार्यकर्तासहित खाना खाएर सम्बाद कार्यक्रममा जान लागेका बेला बिहान ११ बजे बारा जिल्लाको महागढीमाई नगरपालिका - ३, दहियारमा डा सिके राउतकानिकट विकास सिंहले प्रज्वलनशिल पदार्थ गाडीभित्रै फालेका छन्,’ उनले भने ।

सार्वजनिक भएको एक भिडिओमा साह, यादव र सुनार चढेको गाडीलाई विकास सिंहको नेतृत्वमा गएका १०-१२ जना कार्यकर्ताहरूले घेरा हालेको देखिन्छ । उनीहरूले लुकाएर लगेको बोतलबाट कालो मोसो फालेका थिए । भिडिओमा ‘दीपक साह मुर्दावाद मुर्दावाद’ भन्दै चर्को नाराबाजीसमेत गरिएको सुनिन्छ ।

विकास सिंहले निष्कासित उपाध्यक्ष साह र कोषाध्यक्ष यादवले ‘पार्टीविरुद्ध गतिविधि गरेको, पार्टीलाई भाँड्न खोजेको र नेता कार्यकर्ताहरूलाई गुमराहमा राख्ने काम गरेको’ भन्दै मोसो छ्यापिएको स्वीकार गरेका छन् ।

# मधेशको बजेट छानबिन कार्यदलमा मतभेदः हटाउने कि राख्ने भन्नेमा विवाद

**खबर दर्पण समाचारदाता**
**असार २९ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटमा देखिएको त्रुटि छानबिन गर्न गठन गरिएको कार्यदलले आइतबारदेखि औपचारिक रूपमा काम सुरु गरे पनि समिति भित्र नै मतभेद देखिएको छ । कार्यदलले त्रुटिपूर्ण योजना पूर्ण रूपमा हटाउने कि केही संशोधन मात्र गर्ने भन्ने विषयमा सहमति जुटाउन सकेको छैन । कार्यदलमा रहेका प्रतिपक्षी सांसदहरू त्रुटिपूर्ण योजनाहरूलाई पूर्ण रूपमा बजेटबाट हटाउनुपर्ने माग गरिरहेका छन् भने सत्तापक्षका सदस्यहरू संशोधन मात्र गरेर यथास्थितिमा राख्नुपर्ने अडानमा छन् ।

कार्यदलका एक सदस्य प्रदेशसभा सांसदका अनुसार, ‘सत्तापक्षका माननीयहरू लक गरिएको योजना हटाउन मानिरहेका छैनन्, उनीहरूको जिद छ कि हटाउने होइन, सानो सुधार गरेर अघि बढ्नुपर्छ ।’

यता, अवकाशप्राप्त अर्थसचिव काशीराज दाहालले संघीय अभ्यास उल्लेख गर्दै पूर्ण रूपमा योजना हटाउन सकिने स्पष्ट पारेका छन् । उनले भने, ‘पूर्ण रूपमा हटाउन मिल्छ, अघिल्लो वर्षहरूमा पनि यस्तो भएको छ । तर, यस्तो प्रक्रिया बजेट सार्वजनिक हुनु अगाडि नै सम्पन्न भए राम्रो ।’

गत शुक्रबार सभामुख रामचन्द्र मण्डलको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरिएको थियो । तर, सत्तारुढ भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादवलाई कार्यदलमा राखिएको भन्दै प्रतिपक्षी दलहरूले आपत्ति जनाएका थिए । त्यसपछि सभामुख मण्डलले राजीनामा दिएपछि उपसभामुखको नेतृत्वमा १४ सदस्यीय नयाँ कार्यदल पुनर्गठन गरिएको हो ।

विपक्षी दलहरूले बजेटमा बिचौलियाको प्रभाव देखिएको र जनप्रतिनिधिहरूका योजना बेवास्ता गरिएको आरोप लगाएका छन्। उनीहरूले बजेट निर्माणमा पारदर्शिता नभएको र सत्ता पक्षका नेताहरूको स्वार्थअनुसार कार्यक्रमहरू समावेश गरिएको भन्दै लगातार असन्तुष्टि जनाउँदै आएका छन् ।


नसर्ने रोगबाट बच्ने उपाय ।

- ❖धूमपान र मद्यपान नगरौं,
- ❖ दैनिक शारीरिक व्यायाम गरौं,
- ❖मानसिक तनावबाट मुक्त रहौं,
- ❖अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- ❖ स्वस्थकर र सन्तुलित भोजन गरौं,
- ❖ नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

मटिहानी नगरपालिका, महोत्तरी






हेलमेट लगाउनुहोस् - जीवनको रक्षा गर्नुहोस् ।

“साइकिल या बाइक चलाउँदा हेलमेट अनिवार्य हो। यसले तपाईको एजीवनको रक्षा गर्छ!“

यातायात व्यवस्था सेवा केन्द्र वर्दिवास, महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,